# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २ ) सुर्खेत, आश्विन ०३ गते, २०७६ साल (अतिरिक्ताङ्क ५


## भाग २

## प्रदेश सरकार

### आर्थिक मामिला तथा योजना मन्त्रालयको

### सुचना

<u>कर्णाली प्रदेश विनियोजन ऐन, २०७६ को दफा ९ बमोजिम प्रदेश सरकारबाट जारी आदेश</u>

१. प्रदेशस्तरीय मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएका आयोजना तथा कार्यक्रमहरुको बाँडफाँड, संशोधन र रकमान्तर गरी कार्यान्वयन गर्नुपर्ने बजेट तथा कार्यक्रमहरु सम्बन्धित मन्त्रालयबाट प्रदेश योजना आयोग मार्फत सिफारिस भई आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार बाँडफाँड, संशोधन र रकमान्तर गरिदिने ।

२. मन्त्रालय र मातहतका साविक निकायहरुमा रहेको बजेट तथा वार्षिक विकास कार्यक्रम कर्णाली प्रदेश सरकारबाट स्वीकृत भएको संगठन संरचना बमोजिमका निकायमा कर्णाली प्रदेश विनियोजन ऐन, २०७६ को परिधिभित्र रही प्रदेशस्तरीय मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्ने/गराउने ।

३. चालु आ.व. को वैशाख मसान्तपछि कार्यक्रम संशोधन गर्नुपर्ने भएमा "कर्णाली प्रदेश विनियोजन ऐन, २०७६" को दफा ७ को उपदफा (१०) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम गर्नुपर्नेछ ।

मितिः- २०७६/०६/०३

आज्ञाले<br>
विष्णुप्रसाद नेपाल<br>
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतद्वारा मुद्रित